# मानमिन समाचार

अंक ११ जनवरी ६, २०१३

# पवित्र आत्माको हुरीले पाकिस्तान र श्रीलंका पुनर्जीवित पारिएको

## पास्टर टासिक गीलको पास्टरहरूको सेमिनार र रूमालसहितको चङ्गाइ क्रूसेडहरू



















पाकिस्तान र श्रीलंकामा प्रकट भएको जीवनका वचन र परमेश्वरको शक्ति • फोटो १ : 'फुल गोस्पेल एसेम्ब्ली'मा करिब १०,००० मानिसको सहभागितामा क्रूसेडको आयोजना भएको थियो । • फोटो २ : किरूलनापोनामा भएको रूमाल सहितको चङ्गाइ क्रूसेड • फोटो ३ : पास्टर टासिक गील शक्तिको रूमालका साथ बिरामीहरूको लागि प्रार्थना गर्दै • फोटो ४-५ : गवाही बाँड्नेहरू आफ्नो चङ्गाइका गवाहीहरूद्वारा परमेश्वरलाई महिमा दिद • फोटो ६ : पास्टर टासिक गीलले पाकिस्तानी सेवकाइमा गर्नुभएको योगदानको मर्यादामा विद्यावारिधी उपाधी प्राप्त गर्नुभयो ।

सुसमाचारको ज्वालामय आगोद्वारा, कूल जनसंख्या को ९७ प्रतिशत मुस्लिम समुदाय रहेको पाकिस्तान र कुल जनसंख्याको ६९ प्रतिशत बौद्ध समुदाय रहेको श्रीलंकामा आश्चर्य चिन्ह र शक्तिशाली कार्यहरू प्रकट भए । पास्टर टासिक गील (डेजन मानमिन मण्डली), मानमिन मिशनको टोली सहित पाकिस्तान र श्रीलंकाको मिशन ट्रिपमा जानुभएको थियो ।

२०१२, अक्टोबर १७ मा, पाकिस्तानको लाहोरको एम्बेसडर होटलमा पास्टर टासिक गीलका लागि विद्यावारिधी उपाधी हस्तान्तरणको समारोह आयोजना भएको थियो । पास्टर टासिक गीलको पाकिस्तानी सेवकाइमा पुऱ्याउनुभएको योगदानको कदरमा विशपहरूको परिषद् र राष्ट्रिय मण्डलीहरूको प्रमुखहरूद्वारा उहाँलाई शिक्षाशास्त्र र सेवकाइमा विद्यावारिधी प्रदान गरियो । पास्टर गील विगत दश वर्षमा १४ पटक पाकिस्तान पुगी १२ वटा शहरहरूमा सेमिनारहरू र रूमालसहितको चङ्गाइ क्रूसेडको आयोजना गरिसक्नुभएको छ । त्यसैगरी, "ब्राइट फ्यूचर समाज" नामक एक गैर-सरकारी संस्थाले पनि डा. जेरक लीलाई उहाँको आत्माहरूको मुक्तिप्रतिको समर्पणताको कृतज्ञतामा "असल सामरी" को पुरस्कार प्रदान गरेको छ ।

त्यसको लगत्तै भएको सेमिनारमा, पास्टर गीलले डा. जेरक लीको 'जाग इस्राएल' नामक पुस्तकमा आधारित रहेर मानव प्रवर्द्धनको प्रबन्धबारे सन्देश प्रचार गर्नुभयो । त्यस साँझ, इसहाक टि.भी.का अध्यक्ष, पास्टर अनवर फजलको आग्रहमा 'फुल गोस्पल एसेम्ब्ली'मा रूमालसहितको चङ्गाइ क्रूसेड सम्पन्न भएको थियो । पास्टर गीलले क्रूसेडमा 'किन येशू मात्र हाम्रो एकमात्र मुक्तिदाता हुनुहुन्छ' भन्ने सन्दर्भमा चारवटा कारणहरू व्याख्या गर्नुभयो र बिरामीहरूको लागि शक्तिसहितको रूमाल राखी प्रार्थना गरिदिनुभयो (प्रेरित १९:११-१२) ।

अक्टोबर १८ का दिन, पास्टर फजलको अगुवाइमा, जीवनको पानी मण्डलीमा पास्टरहरूको सेमिनारको आयोजना भयो । सेमिनारका वक्ता, पास्टर गीलले "विश्वासको नाप" मा वचन दिनुभयो । त्यस आत्मिक सन्देशबाट प्रभावित भई सहभागीहरूले डा. जेरक लीका अन्य वचनहरू पनि उपलब्ध गराइदिनुहुन अनुरोध गरे ।

अक्टोबर २० का दिन, रूमालसहितको चङ्गाइ क्रूसेड श्रीलंका, कोलोम्बोको किरूलनापोनामा सम्पन्न भएको थियो । पास्टर गीलले "परमेश्वरले मानव प्रवर्द्धन गर्नुभएको कारण" र "परमेश्वरले असल र खराबको ज्ञान दिने रूख राखिदिनुको कारण" विषयहरूमा प्रचार गर्नुभयो । अक्टोबर २१ मा, वाट्टाला रूमालसहितको चङ्गाइ क्रूसेडमा येशू ख्रीष्टको बारेमा प्रचार गर्नुभयो ।

दुई दिनसम्म रहेको त्यस रूमालसहितको चङ्गाइ क्रूसेडमा धेरै मानिसहरूले आफ्ना विभिन्न रोगहरू र दुखाइबाट चङ्गाइ प्राप्त गरी जीवित परमेश्वरलाई महिमा दिए । गयन दयासिङ्गे (पुरूष, वर्ष ६) लाई श्वास-प्रश्वासको लागि सुँघ्ने औषधीको प्रयोग गर्नुपर्दथ्यो तर क्रूसेडको समयमा उनले आफ्नो छाती र घाँटीमा न्यानोपन महसुस गरे र चङ्गाइ प्राप्त गरे । एस. निहाल फर्नान्डो (पुरूष, वर्ष ५४) ले भने कि उनको दुर्घटनाका कारण भएका प्रतिअसरहरू हराएर गए । ब्रिजेट (महिला, वर्ष ६०) ले आफ्नो आँखाको दृष्टि पुनः प्राप्त गरिन् । मारादायी (महिला, वर्ष ६५) ले आफ्नो मेरूदण्डको पीडाबाट चङ्गाइ पाए । थप अझै, अन्य धेरै गवाहीहरूको बाढ़ आएको थियो ।

अक्टोबर २२ का दिन, कोलोम्बोमा पास्टरहरूको सेमिनार आयोजना भएको थियो र पास्टर गीलले "विश्वासको नाप" मा वचन दिनुभयो । सहभागी पास्टरहरूले भन्नुभयो, "वचन साँच्चै नै पूर्ण रूपमा बाइबलमा आधारीत छ र अति नै आत्मिक र गहिरो छ ।" अक्टोबर २३ मा, क्यान्डीमा "क्रूसको सन्देश" विषयक पास्टरहरूको सेमिनारको आयोजना गरियो । सेमिनारको समापन सँगै मिशन ट्रिपको पूरै कार्यक्रमका अन्त्य भयो । पवित्र सुसमाचारको सारतत्वमा आनन्दित पास्टरहरूले आउने दिनहरूमा पनि त्यस्ता सेमिनारहरूको आयोजनाका लागि हर्षका साथ अपेक्षा राख्दछन् ।

### इसहाक टि.भी मार्फत अझ बढी आत्माहरूले डा. ली का वचनहरूको अनुभव लिनेछन्



पाकिस्तानको इसहाक टि.भी मार्फत अझ बढी आत्माहरूले जीवनले भरिएका वचनहरू सुन्न पाउनेछन् ।

अब इसहाक टि.भीले डा. जेरक लीका वचनहरू अंग्रेजी र उर्द्धु भाषामा दिनको ६ घण्टा र परमेश्वरले दिनुभएको मानमिन प्रशंसा र प्रस्तुतिका कार्यक्रमहरू दिनको दुई घण्टा पूरै पाकिस्तान र मध्य पूर्वमा प्रशारण गर्नेछ ।

इसहाक टि.भीका अध्यक्ष, पास्टर अनवर फजलले भन्नुभयो, "इसहाक टि.भीले हालै बेलायत, यूरोप र अफ्रिकालाई समेट्ने भू-उपग्रह स्टेशनसँग एउटा करारमा हस्ताक्षर गरिसकेको छ, त्यसैले भविष्यमा गएर यसका कार्यक्रमहरू ती क्षेत्रहरूमा प्रशारण हुनेछ । यसद्वारा, असंख्य मानिसहरूले सत्य थाहा पाउनेछन् र मुक्तिसम्म पुग्नेछन् ।"

अंक ११ जनवरी ६, २०१३ मानमिन समाचार

## “ब्रूसको सन्देश” मा श्रृंखला - (११)

# येशूलाई डूँडमा राखियो



डा. जेरक ली

“ती दिनमा कैसर अगस्टसले तिनको सारा साम्राज्यमा जनगणना लिनू भन्ने हुकुम जारी गरे ......मरियमले आफ्नो जेठो छोरो जन्माइन् र उहाँलाई लुगाले बेह्रेर डूँडमा राखिन्, किनकि तिनीहरूका निम्ति पौवामा ठाउँ थिएन ।” (लूका २:१-७)

येशू परमेश्वरको स्वरूपमा रहनुभयो र ब्रम्हाण्डको सबैथोकको प्रभु हुनुहुन्छ, “राजाहरूका राजा” र “प्रभुहरूका प्रभु” (फिलिप्पी २:६, प्रकाश १९:१६) ।

उहाँ अति उच्चमा विराजमान हुनुहुने भएर पनि, देशधारी भई यस संसारमा आउनुभयो र सारा मानिसलाई उनीहरूको पापबाट छुटाउनको निम्ति गरीबीमा जिउनुभयो । त्यसोभए, किन येशू, जो परमेश्वरको पुत्र हुनुहुन्छ, उहाँ गोठमा जन्मिएर डूँडमा सुताईनुभयो ? पृथ्वीमा उहाँको जीवनभरी उहाँले किन गरीबी सहनुपर्‍यो ?

### १. येशू गोठमा जन्मिनु र डूँडमा सुताईनुको कारण

लूका २ अध्यायमा यस्तो दृश्य छ जहाँ कन्या मरियम र उहाँका पति योसेफ जनगणनाको लागि बेथलेहेम जानुहुन्छ र मरियमले येशूलाई जन्माउनुहुन्छ ।

धेरै मानिसहरूद्वारा बेथलेहेम खचाखच भई त्यहाँका सबै पौवाहरू भरिएको हुँदा, मरियमलाई बाध्यताका कारण येशूलाई गोठमा जन्म दिनुपर्‍यो । येशूलाई लुगाले बेह्रेर राख्नको लागि पर्याप्त ठाउँ नभएको कारण, मरियमले येशूलाई डूँडमा राख्नुभयो । परमेश्वरको प्रबन्ध अनुसार, येशू गोठमा जन्मिएर डूँडमा सुताईनुभयो ।

उपदेशक ३:१८ ले भन्दछ, “मानिसहरू त पशुसरह हुन् भन्ने जानून् भनी परमेश्वरले तिनीहरूको जाँच गर्नुहुन्छ ।” कोहीले सोच्न सक्छन्, “किन बाइबलले हामीलाई ‘पशुसरह’ भनी भन्दछ ?” र यस्तो तुलनालाई अनौठो मान्दछन् । तापनि, मानिसको दुष्टताले मानिसलाई पशुभन्दा पनि तल्लो वर्गमा पुर्‍याएको छ ।

सबैथोकको प्रभुत्व गर्नुपर्ने मानिस, आफ्नो लोभ परिपूर्तिका लागि युद्धहरू शुरू गर्दछन् जुन प्रक्रियामा असंख्य मानिसहरू मार्दछन् । आफ्नो भौतिक लालचलाई पूरा गर्न, ऊ आफ्नै आमा बुवा, छोराछोरी वा भाइबहिनीसँग बहस गर्न, मुद्धा चलाउन वा मार्न सम्म पनि पछि पर्दैन ।

आदिमा, परमेश्वरले मानिसलाई आफ्नै सुन्दर र पवित्र स्वरूपमा सृष्टि गर्नुभयो । पहिलो मानिस आदमले पाप गरेका कारण, उहाँका सबै सन्ततिहरू पापी भए र उहाँहरूको आत्मा मर्‍यो र अन्त्यमा गएर उहाँहरूले आफूमा भएको परमेश्वरको असल स्वरूप गुमाउनुभयो, र यसरी उहाँहरू पशुभन्दा केही फरक हुनुभएन । जसै मानवजातिको हृदय क्रमिक रूपमा पाप र दुष्टताले बिग्रँदै गयो, उनीहरू संसारिक इच्छा र आफ्ना लालच अनुसार सबै प्रकारको पाप गर्दै र त्यस्तो जीवन जिउँदै आउन थाले ।

हामी स्वर्गमा प्रवेश गर्ने हो भने, मानिसको रूपमा आफ्नो स्थान र कर्तव्य पुनः प्राप्त गर्नुपर्दछ । येशू यस संसारमा आउँदा डूँडमा सुताइनुभयो किनकि उहाँले पशुसरहका मानिसहरूलाई छुटकारा दिई मुक्ति दिनुहुने थियो ।

येशूले यूहन्ना ६:५१ मा भन्नुभयो, “स्वर्गबाट ओर्लिआउने रोटी यही हो, जसले खान्छ त्यो मर्नेछैन । स्वर्गबाट ओर्लिआएको जिउँदो रोटी म नै हुँ । कसैले यो रोटी खायो भने त्यो सधैंभरी जिउनेछ र जुन रोटी म संसारको जीवनको लागि दिनेछु, त्यो चाहिँ मेरो देह हो ।” यहाँ “स्वर्गबाट ओर्लिआएको जिउँदो रोटी खानू” भन्नाले परमेश्वरको वचनलाई हृदयमा भोजनको रूपमा बनाउनु भन्ने बुझिन्छ । जसरी जीवन धान्नको लागि खानेकुराहरू खानुपर्दछ, त्यसरी नै आत्मिक भोजन खाएर उसको आत्मा बाँच्दछ । यसकारण नै येशू - परमेश्वरको वचन, यस संसारमा देहधारी भई आउनुभयो र आफैलाई सम्पूर्ण मानवजातिको निम्ति जीवनको रोटी बनाउनुभयो ।

येशूद्वारा मात्रै हामीले आफूले गुमाएको मानिसको रूपमा स्थान अनि कर्तव्य र परमेश्वरको स्वरूप पुनः प्राप्त गर्नसक्छौं । हामीलाई यो तथ्यको जानकारी गराउन, परमेश्वरले येशूलाई डूँडमा राख्नुभयो । त्यसोभए, कसरी हामीले पशुसरहको जीवनबाट छुटकारा पाई सत्य जीवन हासिल गर्न सक्छौं ?

उपदेशक १२:१३ ले भन्दछ, “अब सबैकुरा सुनिएका छन् - कुराको निष्कर्ष यही हो । परमेश्वरको भय राख र उहाँका आज्ञाहरू पालन गर किनभने मानिसले गर्नुपर्ने सारा कर्तव्य यही नै हो ।” परमेश्वरको आज्ञापालन गर्नु नै मानिसको सारा कर्तव्य हो । त्यसैले, मानिसको रूपमा आफ्नो स्थान र कर्तव्य पुनः प्राप्त गर्नु भनेको, बाइबलले हामीलाई गर भनेको कुरा गर्ने, नगर भनेको कुरा नगर्ने, राख भनेको कुरा राख्ने र अलग रहेर इन्कार गर भनेको कुराहरू अलग रहेर इन्कार गर्ने हो ।

कतिपय विश्वासीहरू यसो भन्दै गनगन गर्नुहुन्छ, “हामी कसरी परमेश्वरको सम्पूर्ण आज्ञाहरू पालन गर्नसक्छौं ? विश्वासी हुन त अति नै कठिन छ ।” तापनि, परमेश्वरले हाम्रो जीवन कष्टकर बनाउन चाहनुहुन्न । जसरी प्रेमको खातिर, आमाबुवाले आफ्ना छोराछोरीहरूलाई ‘पढ’ वा ‘सफा गर’ जस्ता मानिसका आधारभूत कार्यहरू सिकाउँछन् । त्यसरी नै, परमेश्वरले आफ्ना छोराछोरीहरूले मानिसको रूपमा आफ्नो स्थान र कर्तव्य पुनः प्राप्त गरी आशिषित जीवन जिऊन् भनी विभिन्न कुराहरू गर्न सिकाउनुहुन्छ ।

उहाँको प्रेममा, परमेश्वरले हामीलाई परीक्षा र दुःखमा पर्नबाट बचाउन निश्चित कुराहरूमा ‘अलग रहन’ र ‘इन्कार गर्न’ भन्नुहुन्छ र हामीले आशिष पाउन आफ्ना समस्याको उत्तर पाउन र मुक्ति प्राप्त गरी अनन्त स्वर्गमा जीवनको लागि केही कुराहरू ‘गर’ भनी भन्नुहुन्छ ।

### २. येशू गरीबीमा जिउनुको कारण

मत्ती ८:२० मा येशूले भन्नुहुन्छ, “स्यालका दुला र आकाशका चराचुरुङ्गीहरूका गुँड हुन्छन्, तर मानिसको पुत्रको लागि त शिर ढल्काउने ठाउँ पनि छैन ।” उहाँले सुसमाचार घोषणा गर्नुभएर असंख्य रोगी बिरामीहरूलाई निको पार्नुभए तापनि उहाँलाई आराम गर्नको लागि कुनै निश्चित ठाउँ थिएन । आफ्नो सेवकाइमा धेरै संख्यामा आश्चर्यकर्म गर्नुभए तापनि, किन येशू गरीबीमा जिउनुभयो ?

२ कोरिन्थी ८:९ ले भन्दछ, “किनकि हाम्रा प्रभु येशू ख्रीष्टको अनुग्रह तिमीहरूलाई थाहा छ, उहाँ धनी हुनुहुन्थ्यो, तरै पनि तिमीहरूका खातिर उहाँ गरीब हुनुभयो, ताकि उहाँको गरीबीबाट तिमीहरू धनी हुन सक ।” हामीलाई समृद्धिको आशिष दिनको लागि येशूले गरीबीमा जिउनुभयो ।

जब आदम अदनको बगैँचामा हुनुहुन्थ्यो, तब सबै कुरा प्रशस्त मात्रामा थिए र उहाँले परिश्रम गरिरहनुपर्दैनथ्यो । तापनि, उहाँले पाप गरिसकेपछि, मानिस र पृथ्वीको सारा कुरामाथि श्राप पर्‍यो जसले गर्दा भूमिले काँढा र सिउँडीहरू उमार्न थाल्यो र आदमले कठिन परिश्रम गरेर निधारको पसिनाद्वारा मात्र जीवन धान्न सक्ने हुनुभयो । पहिलो मानिस आदमको पापको श्रापको कारण सबै मानिस गरीब भए । येशू सारा मानवजातिलाई धनी तुल्याउनको लागि आफै गरीबीमा जिउनुभयो ।

कसैले भन्दछन् कि परमेश्वरसँग भौतिक आशिषहरू माग्नु गलत हो तर बाइबलमा उहाँको समृद्धिको आशिषहरूका निम्ति गरिएका प्रतिज्ञाहरू पाइन्छ । अब्राहाम, इसहाक, याकूब, योसेफ र दानिएलले परमेश्वरको भय मान्नुहुन्थ्यो र वचन पालन गर्नुहुन्थ्यो । अनि उहाँहरूले प्रशस्तता र समृद्धिको जीवन जिउनुभएको कुरा हामी देख्न सक्छौं ।

हामीलाई गरीबीबाट छुटकारा दिनुहुने हाम्रो प्रभुको अनुग्रहमा, हामीले समृद्धिको आशिष प्राप्त गर्न सक्नुपर्दछ । अवश्य पनि, हामीले लालचको साथ त्यस्ता आशिषहरू माग्ने होइन तर खाँचोमा परेकाहरूलाई सहायता गर्न, मिशनरी कार्यमा सहायता पुर्‍याउन र पवित्र भवनको निर्माणको लागि गरिने विशेष भेटीहरू दिने जस्ता असल कार्यका लागि परमेश्वरको महिमा देखाउन आफ्नो धन प्रयोग गर्ने उद्येश्य राख्नुपर्दछ । परमेश्वरले आफ्ना छोराछोरीहरूलाई विश्वासका साथ जेसुकै मागे तापनि दिन चाहनुहुन्छ । (मत्ती ७:११), तर “परमेश्वर मलाई आशिष दिनुहोस् !” भनी प्रार्थना गर्ने जो कोहिले पनि उहाँको आशिष प्राप्त गर्न सक्दैनन् ।

उदाहरणको लागि, ३ यूहन्ना १:२ ले सम्झाउँदछ, “प्रिय मित्र, म प्रार्थना गर्दछु, कि सबै कुरामा तिम्रो भलो होस्, र तिम्रो स्वास्थ्य ठीक रहोस् । तिम्रो आत्मिक जीवन ठीक छ भन्ने म जान्दछु ।” सबै कुरामा समृद्ध हुनको लागि पहिला हाम्रो आत्मिक उन्नती हुनुपर्दछ । “आत्मिक उन्नती” ले परमेश्वरको वचन अनुसार जिएर हामीले गुमाएको उहाँको स्वरूपको पुनः प्राप्त गर्नुलाई जनाउँदछ । व्यवस्था २८:२ ले भन्दछ, “परमप्रभु आफ्ना परमेश्वरको वचन पालन गर्‍यौ भने यी सबै आशिष तिमीहरूलाई लाग्नेछन् र तिमीहरू साथ रहिरहनेछन् ।”

परमेश्वरको वचन अनुसार कोही जिउँछ भने पनि, परमेश्वरको आशिष प्राप्त गर्न उसले विश्वासका साथ रोप्नुपर्दछ । जसै २ कोरिन्थी ९:६ ले भन्दछ, “तर कुरा यही हो कि थोरै छर्नेले थोरै नै कटनी गर्छ र प्रशस्तसँग छर्नेले प्रशस्तसँग कटनी गर्छ ।” धेरै विश्वास भएको व्यक्तिले पनि प्रशस्तसँग छरेपछि मात्रै प्रशस्तसँग कटनी गर्न सक्छ, थोरै छर्नेले थोरै मात्रै कटनी गर्दछ ।

परमेश्वरले दिनुहुने आशिषचाहिँ, “पूरा मात्रामा खाँदी-खाँदी, हलाई हल्लाई, पोखिने गरी” दिनुहुन्छ र दुई गुणा र जति आत्माको उन्नती हुँदै जान्छ, उहाँले फिर्तामा तीस गुणा, साठी गुणा र सय गुणा दिनुहुन्छ । यो याद राख्नुहोस् कि परमेश्वरले कहिलेकाहीँ तपाईंलाई यथेष्ठ समयपश्चात् मात्र कटनी गर्ने अनुमति दिनुहुन्छ र त्यस्तो समयमा, उहाँले सधैँ सबैभन्दा उत्तम समयमा तपाईंलाई अझ, महान् तरिकाले आशिष दिनुहुन्छ ।

“प्रशस्तसँग छर्ने” भन्नाले कसैको छराईको परिमाणलाई मात्र जनाउँदैन । परमेश्वर त्यस छर्ने व्यक्तिको हृदय, प्रेम र विश्वासलाई हेर्नुहुन्छ र प्रत्येक व्यक्तिको हृदयको सुवासनालाई ग्रहण गर्नुहुन्छ । येशूले एक गरीब विधवाले दानपात्रमा दुई पैसा चढाएको देख्नुहुँदा यसो भन्नुभयो, “यस गरीब विधवाले अरू सबैले भन्दा बढी चढाएकी छे ।” किनभने आफ्नो गरीबीको बावजूद पनि ती गरीब विधवाले “आफ्नो सारा जीविका नै दिएकी थिइन् ।”

ख्रीष्टमा प्रिय दाजुभाई तथा दिदीबहिनीहरू, पशुसरहका मानवजातिलाई मुक्ति र आशिषको मार्गमा डोर्‍याउनको लागि परमेश्वरले येशूलाई यस संसारमा पठाउनुभयो, डूँडमा राख्नुभयो र दरिद्रतामा जीवन जिउन लगाउनुभयो । मानिसको रूपमा आफ्नो स्थान र कर्तव्य पुनः प्राप्त गरी परमेश्वरको प्रबन्ध र येशूको प्रेमको गहिराई पत्ता लगाउँदै तपाईंहरू प्रत्येकले शरीरमा र आत्मामा उहाँको आशिषहरूका लागि उहाँलाई महिमा दिनुभएको होस् भनी प्रभु येशू ख्रीष्टको नाउँमा म प्रार्थना गर्दछु !

# डा. जेरक लीका बहुभाषीय ई-बुकहरू विश्वभरका पाठकहरूको लागि, अमेजन डट कम र आई बुक स्टोर मार्फत वितरण सञ्जालको विस्तार

स्मार्ट फोन, ट्याबलेट् कम्प्युटर र ई-बुकहरू दिन प्रतिदिन लोकप्रिय बन्दै गएको अवस्थामा पढ्ने तरिका परिवर्तन हुँदैछ । ठूलो संख्यामा मानिसहरू ई-बुक पढ्दछन् जसका सामग्रीहरू छापिएका किताबहरू जस्ता नभई विद्युतीय प्रारूपमा हुन्छन् ।

'ई-बुक'हरू कागजको पुस्तक भन्दा सस्ता र ओसार पसार गर्न सजिला हुन्छन् । यसका थुप्रै फाइदाहरू छन् किनकि यसलाई इन्टरनेटमा सजिलै जुनसुकै बेला जहीँ कहीँबाट तुरून्तै डाउनलोड गरी पढ्न सकिन्छ । कोरियन पुस्तक बजारमा, हाल आएर ई-बुकको बिक्रीदर एकदमै बढेको छ । विश्वको अनलाइन पुस्तक पसलहरूमध्ये अग्रपंक्तिमा रहेको अमेजन डट कमद्वारा हासिल गरेको अपार सफलतापछि, अमेरिकामा पनि यसको बजार बढेको छ ।

यही बढ्दो बजारसँग जुड्दै, मानमिन केन्द्रीय मण्डलीको यूरीम बुक्सले पनि डा. जेरक लीको बहुभाषीय पुस्तकहरूको ई-बुक संस्करण निर्माण गरी सञ्चार सेवकाइको क्षेत्रमा डिजिटल प्रकाशनको लागि ढोका खोलेको छ । हाल, २०१२ नोभेम्बर सम्ममा, ई-बुक बजारमा ३६ वटा भाषाहरूमा २१८ वटा फरक फरक भागहरू उपलब्ध छन् जसमा ८१ वटा पुस्तकहरू कोरियन भाषामा र २०१ भागहरू ४४ वटा अन्य भाषाहरूमा रहेको छ ।




विद्युतीय रूपमा कोरियन संस्करणहरू अनलाईन क्योबो बुक स्टोर, इन्टर पार्क, आई बुक स्टोर, योङपुङ बुक स्टोर, येस २४, अल्लादिन, लिब्रो बुक स्टोर र ब्यान्डी एण्ड लुनिसामा उपलब्ध छन् । बहुभाषामा ती पुस्तकहरू अमेजन डट कम, आई बुक स्टोर र क्योबो बुकस्टोरमा उपलब्ध छन् । क्योबो बुकस्टोरले विशेष गरी अंग्रेजी, जापानिज र सरल चाइनिज भाषाको संस्करणहरूको बिक्री गर्दछ । सर्वसाधारणको बढ्दो ध्यानाकर्षणचाहिँ अमेजन डट कमको सात भाषाहरूमा रहेको ६० वटा भागहरूले र आई बुकस्टोरमा २० वटा भाषाहरूमा उपलब्ध १०८ वटा भागहरूले गरिरहेको छ ।

ई-बुक बितरणका लागि खटिएका यूरीम बुक्सका एक प्रतिनिधीले भन्नुभयो, "अमेजन डट कम र आई बुक स्टोर मार्फत गरिएको हाम्रो सक्रिय ई-बुक बितरणका लागि धेरै पाठकहरूले सकारात्मक प्रतिक्रिया देखाएका छन् । बिक्रीदर बढ्दो छ र अमेरिका र ताईवान जस्ता समुद्रपारका प्रकाशकहरूले पनि सहकार्यका लागि आग्रह गर्नुभएको छ ।"



सिनियर पास्टर डा. जेरक लीका बहुभाषीय ई-बुकहरू संसारको अग्रपंक्तिमा रहेको अनलाईन पुस्तक अमेजन डट कम र आईबुक स्टोरमा जो कोहीले जुनसुकै बेला जहीँ कहीँ बाट पनि प्राप्त गरी पढ्न पाऊन् भनी उपलब्ध छन् । उनीहरूले ती ई-बुकहरू, ई-बुक रिडर, स्मार्ट फोन र ट्याब्लेट कम्प्युटर जस्ता प्राविधिक उपकरणहरूको स्क्रीनमा पढ्न सक्छन् । तस्वीरमा पाठकले 'क्रूसको सन्देश'को अंग्रेजी संस्करण विद्युतीय प्रारूपमा पढ्दैछन् । 'क्रूसको सन्देश' ३७ वटा भाषाहरूमा प्रकाशन भइसकेको छ ।

हालै मात्र, आई बुक स्टोर, मेक्सिको जस्तो १७ अन्य मध्य अमेरिकी मुलुक र न्यूजिल्याण्डको डाउनमा, आई फोन र आईप्याड प्रयोगकर्ताहरूको लागि खुलेको छ । यसले यूरीम बुक्सलाई पोर्तुगाली र स्पेनिस संस्करणको ई-बुक बितरणको सञ्जाललाई बिस्तार गर्ने कारण बनेको छ ।

यूरीम बुक्सले डा. लीका ई-बुक्सहरू अझ बढी भाषाहरूमा संसारभरका सात अर्ब मानिसहरूलाई लक्षित गरी प्रकाशन र बितरण निरन्तर रूपमा गर्नेछ ।

---



# मानमिन समाचार, २५ वटा भाषाहरूमा बहुभाषीय पत्रिका अनलाईनमा उपलब्ध

मानमिन समाचार मण्डलीको खबर पत्रिका हो र हाल यो २५ वटा भन्दा बढी भाषाहरूमा अनुवाद भई इन्टरनेटमा उपलब्ध छ । संसार भरिमा जुनसुकै बेला जहीँ कहीँबाट पनि मानिसहरूले यसलाई पढ्न सकून् भनी यो पत्रिका www.manminnews.com वेभसाईमा अनलाईन उपलब्ध छ ।

मानमिन समाचार मानमिन केन्द्रीय मण्डलीको खबर र लेखहरू हो जसमा सिनियर पास्टर डा. जेरक लीको आत्मिक वचनहरू कोरिया भित्र र बाहिरका विश्वासीहरूको तस्विर सहितका गवाहीहरू, खीष्टिय परामर्श र आन्तरिक र समुद्रपारका मण्डलीहरूको समाचारहरू पाइन्छ ।

हाल, मानमिन समाचार, अंग्रेजी, चाईनिज, रूसी, फ्रान्सेली, स्पेनिश र हिब्रू गरी २५ वटा भाषाहरूमा अनुवाद हुन्छ । यो कोरियामा छापिएर अन्य मुलुकहरूमा ईमेलमार्फत् पठाईन्छ र यो अन्य देशहरूमा पनि प्रकाशन हुने गरेको छ ।

२०१२ को मध्य नोभेम्बर देखि २५ वटा भाषाहरूमा उपलब्ध मानमिन समाचार पाठकहरूलाई अनलाईनमा पाउन सकिने सेवा, सूचना प्रविधि शाखा, सम्पादकीय विभाग र समुद्रपारका समुहहरूको सहकार्यबाट सम्भव भएको हो ।

कोरियन, अंग्रेजी, सरल चाईनिज, स्पेनिश, रूसी, जापानिज र फ्रान्सेली गरी ७ वटा भाषाहरूको संस्करण वेभसाईटको प्रारूपमा उपलब्ध छ । बाँकी १८ वटा संस्करण चाहिँ पि.डि.एफ. (पोर्टेबल डकुमेन्ट फर्मेट) मा पाउन सकिन्छ । अन्य १८ वटा भाषाहरूको संस्करण यस प्रकारका छन् : परम्परागत चाईनिज, तागालग, विसाया, पोर्तुगाली, युक्रेनियन, एस्टोनियन, इन्डोनेशियन, थाई, भियतनामी, मंगोलियन, नेपाली, हिब्रू, अरबी, उर्दू, तामिल, हिन्दी, सिन्हाला र जर्मन ।

थप अझ, मानिसहरूले डाउनलोड गरी आफूलाई मन लागे जति संख्यामा मुद्रित गरी आफ्नो सेवकाइको क्षेत्रमा फैलाउन सकून् भनी वेभसाइटमा मुद्रित गर्न सकिने पि.डि.एफ. फाईलमा राखिएको छ । यसले अनलाईन प्रकाशनको सेवकाइ फैलाउन र विश्वव्यापी प्यारिश हासिल गर्न मुख्य भूमिका खेल्नेछ ।

- मानमिन समाचारको मुद्रित गर्न सकिने पि.डि.एफ. कसरी प्रयोग गर्ने
- मानमिन समाचारको वेभसाईट हेर्नुहोस् (www.manminnews.com)
- एड्मिनिस्ट्रेटरलाई इमेल पठाई दर्ताको लागि ID प्राप्त गर्नुहोस् ।
- लग अन गरी आफूले चाहेको फाइल डाउनलोड गर्नुहोस् ।




## विश्वासको स्वीकारोक्ति

१. मानमिन केन्द्रिय मण्डलीले विश्वास गर्दछ कि बाइबल परमेश्वरद्वारा दिइएको सिद्ध र त्रुटिरहित वचन हो ।
२. मानमिन केन्द्रिय मण्डली त्रिएक परमेश्वर : पवित्र पिता परमेश्वर, पवित्र पुत्र परमेश्वर र पवित्र आत्मा परमेश्वरको एकत्व र कार्यमा विश्वास गर्दछ ।
३. मानमिन केन्द्रिय मण्डलीले विश्वास गर्दछ कि हामीले हाम्रो पापको क्षमा केवल येशू खीष्टको छुटकारा दिने रगतद्वारा प्राप्त गर्दछौं ।
४. मानमिन केन्द्रिय मण्डली येशू खीष्टको पुनरुत्थान र स्वर्गारोहण, उहाँको दोस्रो आगमन र सहस्राब्दी र अनन्त स्वर्गमा विश्वास गर्दछ ।
५. मानमिन केन्द्रिय मण्डलीका विश्वासीहरु हरेकपटक भेला हुँदा "प्रेरितहरुको विश्वासको सार" द्वारा आफ्नो विश्वास स्वीकार गर्दछन् र त्यसमा शब्दश: विश्वास गर्दछन् ।

"किनभने उहाँ (परमेश्वर) ले नै मानिसहरुलाई जीवन, सास र सबै चिज दिनुहुन्छ ।" (प्रेरित १७:२५)
"अरु कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरुमा अर्को कुनै नाउँ दिइएको छैन ।" (प्रेरित ४:१२)

Nepali
मानमिन समाचार
मानमिन केन्द्रिय मण्डलीद्वारा प्रकाशित

२५३-गूरो-३ डङ्ग, गूरो-गू, सियोल कोरिया (पोष्टल कोड १५२-८४८)
फोन : ८२-२-८१८-७०४७, फ्याक्स: ८२-२-८१८-७०४८
http: //www.manmin.org/english
इमेल: manminministry@hotmail.com
प्रकाशक : जेरक ली
व्यवस्थापन सम्पादक : ग्यूमसून विन

# "म शक्ति, वचन र प्रशंसालाई कहिल्यै भुल्नेछैन ! म बुल्गेरियाका धेरै आत्माहरूमा यो फैलाउन चाहन्छु ।"

म एक चिकित्सक हुँ र बुल्गेरिया, सोफियाको चिकित्सा केन्द्रको "हेमा १८" समुह अभ्यासमा कार्यरत छु। मेरो परिवारले मेरो बुवा मार्फत् येशू ख्रीष्टलाई आफ्नो व्यक्तिगत मुक्तिदाताको रूपमा ग्रहण गऱ्यो, मेरो बुवा जो बुल्गेरीयाको आत्मिक पादरी विद्यालयमा अध्ययन पूरा गरी पछि गएर जर्मनीमा आफ्नो पि.एच.डी. तालिमको दौरान ख्रीष्टियनको रूपमा नयाँ गरी जन्मिनुभयो। यसरी हाम्रो विश्वासी जीवनको शुरूवात भयो । सन् १९८९ अघिसम्म हामी सरकारद्वारा सताईने र कडा निरीक्षणमा थियौं । यसको वावजूद पनि, हामीले बाइबल र धेरै ख्रीष्टिय पुस्तकहरू वितरण गऱ्यौं । हामीले धेरैजसो ख्रीष्टिय चलचित्रहरूलाई पनि भाषान्तर गरी ख्रीष्टियनहरूलाई उपलब्ध गरायौं।

### ख्रीष्टियनको रूपमा आफ्नो समर्पणता प्रभुलाई अर्पण गर्दै

मेरी आमा चिकित्सक हुनुहुन्थ्यो र मेरो बुवा परजीवी विज्ञानको प्राध्यापक हुनुहुन्थ्यो । यसैकारण नै म जहिले उच्च माध्यमिक शिक्षा पछिको मेरो भविष्यको बारेमा सोच्ने गर्दथें। म दोधारमा परेको थिएँ कि म चिकित्सा विज्ञान पढौं वा कम्प्युटर विज्ञान। म यस विषयमा प्रार्थना गर्न थालें र प्रभुले मलाई मेरो आमाबुवाझैँ एक चिकित्सक बन्नको निम्ति उत्तर दिनुभयो।

चिकित्सा विद्यालयको प्रवेश परीक्षा अघि, परमेश्वरले मलाई विशेष कुरा अनुभव गर्न दिई आशिष दिनुभयो। सपनामा नै उहाँले परीक्षाको प्रश्नहरू थाहा दिन डोऱ्याउनुभयो ! परमेश्वरको सहायताको निम्ति धन्यवाद होस्, म राम्रो नतिजाका साथ सोफिया चिकित्सा विश्वविद्यालयमा प्रवेश पाएँ र त्यसको ६ वर्षमा नै विश्वविद्यालयको इतिहासमै सबैभन्दा कलिलो डाक्टरको रूपमा उत्तीर्ण भएँ। यो सन् १९९६ को कुरा हो। मैले अहिलेसम्म आफ्नो ख्रीष्टियन जीवनलाई आनन्दकासाथ समर्पित गरी एक ख्रीष्टियन डाक्टरका रूपमा के गर्न सक्छु भनी गम्भिरतापूर्वक विचार गर्दै जिइरहेको छु। बुल्गेरियाको ख्रीष्टियन चिकित्सासम्बन्धी संगठनको अध्यक्षको रूपमा म गर्भपतन, कोषहरू क्लोनिङ, कष्टरहित प्राणान्त र सृष्टिवाद र विकासवादका विषयहरूमा सेमिनारहरूको अगुवाइ गर्दै आइरहेको छु। मेरी श्रीमतीसँग मिलेर, मैले बाइबल अध्ययन समुह र पारिवारिक विषयहरूमा परामर्शको अगुवाइ गरेको छु। मैले हाम्रा राष्ट्रिय अस्पतालहरू र पुलिस चौकीहरू, विद्यालयहरू, अग्नि विभागहरू र स्थानीय निकायहरूमा बाइबल वितरण कार्यक्रममा पनि सहयोग पुऱ्याउँदै आइरहेको छु। हामीले गरेको सबैभन्दा ठूलो कार्यचाहिँ बाइबल परियोजना थियो। हामीले बालबालिकाको लागि ३० लाख भन्दा बढी बाइबल र ख्रीष्टिय पुस्तकहरू वितरण गऱ्यौं। हाल, यूरोपियन यूनियन अन्तर्गतका मुलुकहरूमा बुल्गेरिया मात्र यस्तो देश हो जहाँ ख्रीष्टियानिटीलाई प्रचार गर्न पाईन्छ।

### मैले डब्लु.सी.डी.एन. सेवकाइलाई भेटेको छु

म सानो छँदा, म हेपाटाइटिस बी रोगले ग्रस्त थिएँ। मैले मेरो आमाबुवा र मण्डलीका सदस्यहरूले संयुक्त रूपमा गर्नुभएको प्रार्थनाद्वारा चङ्गाइ पाएँ। आजकाल धेरै डाक्टरहरू जसलाई मानव शरीरका धेरै रहस्यहरू थाहा छ, उनीहरू परमेश्वरमा विश्वास गर्दैनन्।

सन् २०११ जुन ११ मा, डा. ल्युब्का तान्चोबा मार्फत ध्क्ष्म्ल (विश्व ख्रीष्टियन चिकित्सकहरूको सञ्जाल) को बारेमा सुनें, जो त्यतिबेला अष्ट्रेलियामा सम्पन्न "अध्यात्मवाद र औषधी विज्ञान" विषयक आठौं अन्तर्राष्ट्रिय ख्रीष्टिय चिकित्सासम्बन्धी सम्मेलनमा सहभागी हुनुहुन्थ्यो। ध्क्ष्म्ल ले चिकित्सा र चिकित्सासम्बन्धी पेशामा लागेका व्यक्तिहरूलाई समेटेर सेवकाइ गर्दछ। उनीहरूले परमेश्वर जीवित हुनुहुन्छ भनी प्रमाणित गरिरहेका छन् र परमेश्वरको ईश्वरीय चङ्गाइको कार्यलाई चङ्गाइ परमेश्वरले गर्नुभएको हो भनेर पुष्टि गर्ने मेडिकल तथ्याङ्क पेश गरेर त्यो कुरालाई स्वीकार गर्दछन्। म पूर्ण रूपमा विश्वस्त छु कि यो सेवकाइ परमेश्वरको महिमाको निम्ति हो।

र २०१२, मे १५ र १६ का दिन, म ९औं अन्तर्राष्ट्रिय ख्रीष्टियन चिकित्सासम्बन्धी सम्मेलन, केन्यामा सहभागी भएँ र त्यसद्वारा म आनन्दित र भावुक भएँ। त्यो मेरो लागि अति नै आशिषको कुरा थियो।



डा. किरिलडेचकोभ स्मिलेनोभा र उहाँकी श्रीमती ईरिना स्मिलेनोभा

#### संक्षिप्त चित्रण

- अध्यक्ष, बुल्गेरियन ख्रीष्टियन चिकित्सासम्बन्धी संगठन
- मेडिकल डाइग्नोष्टिक केन्द्र, सोफियाका चिकित्सक
- बुल्गेरियाको राष्ट्रिय टि.भी. च्यानलहरूमध्ये एक 'यूरोप' बाट प्रशारित स्वास्थ्य अन्तर्गतको कार्यक्रमका चिकित्सा सल्लाहकार
- बुल्गेरिया २००७ मा "वर्षका चिकित्सक" को अवार्ड जित्न सफल
- २०१२, अप्रिलमा बुल्गेरियामा भएको WCDN को सम्मेलनमा प्रवाचक

### मैले डा. जेरक लीको आत्मिक सन्देशहरू सुनेको छु

त्यसपछि मैले WCDN का संस्थापकद्वारा पास्टरीय सेवकाइ भइरहेको मानमिन केन्द्रीय मण्डली गइरहनुभएको असल दाजुभाई तथा दिदीबहिनीहरू भेट्न पाएँ। मैले उहाँहरूमा हामी ख्रीष्टियनहरूमा हुनपर्ने पवित्रता र इमान्दारीता महसुस गरें। उहाँहरूले धेरै आत्मा बाँचेको मानमिन केन्द्रीय मण्डली र डा. जेरक लीको दर्शनको परिचय दिइरहनुभएको छ। त्यसपछि, अत्यन्तै व्यस्त कार्यसमय भए तापनि, मैले डा. जेरक लीको "उत्पत्तिको सन्देश श्रृंखला" र "विश्वासको नाप" जस्ता केही वचनहरू सुनेको छु। मैले आत्मिक संसारलाई महसुस गरें र "विश्वास गर्नुमात्र" चाहिँ बचाइनुको आधा भाग सम्म पनि होइन भन्ने कुरा बुझें। हामीले प्रभुको जीवनलाई पनि दर्शाउन सक्नुपर्दछ। उहाँको सन्देश बुझ्न अति सजिलो र एकदम गहिरो र आत्मिक पनि छ।

विशेष गरी, एउटा पुस्तक "क्रूसको सन्देशले हामीलाई मानव प्रवर्द्धनको प्रबन्ध र किन येशू यस संसारमा आउनुभयो भन्ने कारण बुझ्न डोऱ्याएको छ। म यो पनि भन्न सक्छु कि यो हाम्रो आत्मिक विश्वासमा बढ्नको लागि अत्यन्त आवश्यक पुस्तक हो। थप अझै, मैले टि.वि.एन. रसिया मार्फत् थुप्रै जी.सी.एन. टि.भीका कार्यक्रमहरू हेर्ने गर्छु र मानमिन केन्द्रीय मण्डलीको कला प्रस्तुति समुहद्वारा गरिने आत्माले भरिएको प्रशंसा र प्रस्तुतिहरूबाट आकर्षित भएको छु।

### मैले परमेश्वरको राज्यको लागि दर्शन पाएको छु

म मानमिन केन्द्रीय मण्डलीमा पुग्न चाहन्थें र सन् २०१२ को अक्टोबरको शुरूमा मण्डलीको ३०औं वार्षिक उत्सवको बेला परमेश्वरले मलाई कोरिया गई मानमिन केन्द्रीय मण्डली पुग्ने आशिष दिनुभयो। त्यहाँ रहँदा, मैले मण्डलीका विश्वासीहरूले हरेक रात गर्नुभएको हार्दिक प्रार्थना र मण्डलीका सबै संगठन र विभागहरू वैज्ञानिक तवरले स्थापित भएको देखें। मैले डा. जेरक लीलाई प्रत्यक्ष रूपमा देख्दा, मैले महसुस गर्न सकें कि उहाँ अति नै नम्र र शुद्ध हुनुहुन्छ र उहाँको महान् आत्मिक शक्ति र अधिकार पनि महसुस गरें। मैले थाहा पाएँ कि उहाँ प्रार्थनाको मानिस हुनुहुन्छ। म सबै प्रस्तुतिहरू र स्तुति प्रशंसामा परमेश्वर कसरी उहाँहरूको साथमा हुनुहुँदोरहेछ भन्ने कुराबाट प्रभावित भएँ। नृत्य र प्रशंसा समुह उदेकलाग्दा थिए। मेरी श्रीमती, जो कलाकारीता विद्यालयको प्राध्यापिका हुन्, उनले पनि स्वीकारिन् कि ती प्रस्तुतिहरू अतिनै पेशागत तवरका थिए। म सोच्छु कि मण्डली येशू ख्रीष्टमा आधारित महान् अगुवाको उपस्थिति र मण्डलीका विश्वासीहरूको महान् समर्पणताले गर्दा वृद्धि हुन्छ।

म प्रार्थना गर्दछु कि बुल्गेरिया, बाल्कन प्रायद्वीपमा WCDN को केन्द्र बन्न सकोस्। म बुल्गेरियामा यहाँका धेरै मण्डलीहरूलाई परमेश्वरको शक्ति, प्रभु येशू ख्रीष्टको सुसमाचार र मानमिनका प्रशंसाहरू पनि घोषणा गर्न चाहन्छु। म परमेश्वरलाई महिमा दिन चाहन्छु जसले मलाई उहाँको महिमाको लागि चलाउँदै डोऱ्याइरहनुभएको छ।



WCDN कोरियाको मुख्यालयका कर्मचारी, डा. किरिलडेचकोभ स्मिलेनोभा र उहाँकी श्रीमती र पास्टर इभान हाजारबासनोभा र श्रीमती गेब्रिएला हाजारबासनोभा



परमेश्वरको शक्ति प्रकट भएको मुआन स्वीट वाटर क्षेत्र घुम्दै (मुआन, जियोन्नाम प्रान्त, कोरिया)

GCN Gloval · Christian · Network
Tel: 82-2-824-7107
Fax: 82-2-813-7107
www.gcntv.org
e-mail: webmaster@gcntv.org

MIS Manmin International Seminary
Tel: 82-2-818-7334
Fax: 82-2-830-3310
www.manminseminary.org
e-mail: manminseminary2004@gmail.com

WCDN World Christian Doctors Network
Tel: 82-2-818-7039
Fax: 82-2-830-5239
www.wcdn.org
e-mail: wcdnkorea@gmail.com

URIMBOOKS
Tel: 82-70-8240-2075
Fax: 82-2-851-3854
urimbook.net
e-mail: urimbook@hotmail.com